# धुनिवेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल


प.सं. :- २०८३/०८४ मितिः- २०८३/०४/१५

च.नं. :- १३८

श्री सवै सहकारी संस्था लि.(अध्यक्ष / व्यवस्थापक ज्यू,)
धुनिवेशी नगरपालिका
धादिङ।

विषय: **आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेस गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा धुनिवेशी नगरपालिका अन्तर्गत दर्ता भई सञ्चालनमा रहेको तँहा सहकारी संस्थाको वित्तीय पारदर्शिता, सुशासन र सदस्यहरूको बचत सुरक्षालाई व्यवस्थित बनाउनु आवश्यक देखिएको छ।
**धुनिवेशी सहकारी ऐन, २०७४** र **सहकारी नियमावली**, २०८३ बमोजिम प्रत्येक सहकारी संस्थाले अनिवार्य रूपमा नियमित आन्तरिक लेखापरीक्षण गराउनुपर्ने कानुनी व्यवस्था रहेको सर्वविदितै छ।
अतः संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन, वित्तीय जोखिम न्यूनीकरण गर्न र संस्थाको वास्तविक आर्थिक अवस्था यकिन गर्नका लागि गत **आर्थिक वर्ष २०८२।०८३** को **आन्तरिक लेखापरीक्षण (Internal Audit)** गराई सोको प्रतिवेदन यो पत्र प्राप्त भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र यस कार्यालयको सहकारी शाखामा अनिवार्य रूपमा पेस गर्नुहुन यो निर्देशन जारी गरिएको छ।
तोकिएको समयभित्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेस नगरेमा वा कानुनी व्यवस्थाको बर्खिलाप सञ्चालन भएको पाइएमा कानुन बमोजिम कारबाही भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

............
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत